मन्थली नगरपालिकाको

आर्थिक वर्ष २०७९/०८० को वार्षिक वजेट तथा कार्यक्रम

यस गौरवमय नगर सभाका सभाध्यक्ष एवं नगर प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू , उप सचिव ज्यु, नगर सभा सदस्य ज्यू, , उपस्थित कर्मचारी तथा सञ्चार कर्मी मित्रहरु,

१. नेपालको सविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ वमोजिम २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनवाट निर्वाचित भए पश्चात पहिलो पटक यस मन्थली नगरपालिकाको उपप्रमुखको हैसियतले यस गरिमामय सभा समक्ष आगमी आर्थिक वर्ष २०७९/०८० को वजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । यस घडीमा प्रजातन्त्र ,लोकतान्त्रिक गणतन्त्रको युगसम्म विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात महान शहीदहरु प्रति भावपूर्ण श्रद्दान्जली अर्पण गर्दै नागरिक स्वतन्त्रता र मुक्तिका लागि जीवन पर्यन्त संघर्ष गर्नु हुने नेतागण हरुमा हार्दिक नमन गर्न चाहन्छु ।

२. जनताको नजिकको सरकारको हिसावले जनभावना अनुसार कार्य गर्न नगरपालिका अहोरात्र प्रतिवद्द रहेको व्यहोरा सम्पूर्णमा अवगत गराउन चाहन्छु । यस गौरवमय सभा मार्फत नगरपालिकाको भलो चाहने र विकासको यात्रामा हातेमालो गर्ने समस्त शुभचिन्तक सहयोगी संघ संस्था, राजनैतिक दल, पत्रकार मित्रहरू, सबै रेडियोकर्मी लगायत नगरवासी समस्त आमाबुबा दाजुभाई दिदीबहिनीलाई हार्दिक धन्यवाद ब्यक्त गर्दछु।

३. आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, पन्ध्रौ योजना र दीगो विकासका लक्ष्यहरु, संघीय तथा प्रदेश सरकारको आगमी वर्षको नीति तथा कार्यक्रम र वजेटमा समाविष्ट सिद्धान्त तथा मार्ग दर्शन, संस्थागत क्षमता स्व मूल्याङ्कन कार्यविधि २०७७ का सूचकहरु, हाम्रा नीति तथा कार्यक्रम एवं यस अघिका जनप्रतिनिधि ज्यूहरुले वजेट तर्जुमा र कार्यान्वयनका सन्दर्भमा संस्थागतरुपमा हासिल गरेका अनुभव, नगर कार्यपालिका तथा नगर सभाका सदस्यज्यूहरु, विषयगत समिति र नगरवासीका तर्फवाट प्राप्त सुझावहरु समेतका आधारमा यो वजेट तयार गरिएको छ । मुलत: नेपाल सरकारको **समृद्ध नेपाल सुखी नेपाली**को आकांक्षा पुरा गर्ने ,अव **कोही भोकै पर्दैन, भोकले कोही मर्दैन** भन्ने सरकारको संकल्प परिपूर्ति गर्न र दशौ नगरसभावाट स्वीकृत प्रथम आवधिक योजनाको **" शिक्षित, स्वास्थ्य र उत्थानशील शहर : व्यवसायिक र समृद्ध मन्थली नगर"** भन्ने दीर्घाकालीन सोचलाई व्यवहारिक रूपमा कार्वान्वयन गर्न यो बजेट तथा कार्यक्रम परिलक्षित रहेको छ ।

अव म चालु आर्थिक वर्ष २०७८/०७९ को हालसम्म भएका गतिविधिहरुको वारेमा संक्षिप्त जानकारी गराउने अनुमति चाहन्छु ।

४. चालु आर्थिक वर्षका लागि विनियोजित भएको अनुमानित कुल रकम रु १ अरव ६ करोड ९१ लाख ७४ हजार १ सय ३६ मध्ये वास्तविक निकासा रकम रु १ अरव १ करोड ९३ लाख ४९ हजार ३ सय ७ पैसा २३ रहेको छ । यसरी वास्तविक आम्दानी ९५.३३ प्रतिशत भएको छ । जसमध्ये कुल रकम रु ६९ करोड ६७ लाख ७४ हजार ५ सय ७७ पैसा २५ खर्च भएको छ । यसरी औषत खर्च ६५.१६ प्रतिशत भएको छ । चालु खर्च तर्फ ७३.०६ प्रतिशत र पुँजीगत खर्च तर्फ ५७.४२ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ ।

५ आन्तरिक राजश्व परिचालन तर्फ चालु आर्थिक वर्षका लागि रु ३ करोड ३० लाख लक्ष्य राखिएकोमा रु २ करोड २६ लाख ८९ हजार ७ सय ५ पैसा ६७ प्राप्त भएको छ । यो आम्दानी ६८.७५ प्रतिशत हो

अव म आगामी आर्थिक वर्ष २०७९/०८० को वजेटका उद्देश्य र प्राथमिकतालाई संक्षिप्त रुपमा राख्न अनुमति चाहन्छु ।

६. वजेटका उद्देश्यहरु

क सार्वजनिक शिक्षा र स्वास्थ्य सेवालाई गुणस्तरीय सेवाको रुपमा स्थापित गरी आम नगरवासीलाई भरोसायुक्त वातावरण निर्माण गर्ने

ख महामारी एवं संक्रामक रोग, प्राकृतिक प्रकोप र विपदवाट नगरवासीहरुको जीवनरक्षा गर्दै दैनिक जीवन यापनलाई सहज र सुरक्षित वनाउने ।

ग नगरवासीहरुको न्यूनतम आधारभूत आवश्यकताहरु परिपूर्ति गर्दै गरिवी, पछौटेपन र विपन्नता न्यूनीकरण गर्ने ।

घ स्थानीय स्रोत, साधन र क्षमताको अधिकतम उपयोग गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रसँगको साझेदारीका माध्यमवाट नगरवासीहरुको आर्थिक विकासमा टेवा पुर्याउने ।

ङ नगरको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार र वातावरणीय पक्षको विकासमा जोड दिइ समृद्ध नगरको आधारशिला निर्माण गर्ने ।

७ वजेटका उद्देश्यहरु हासिल गर्न मैले निम्नानुसार प्राथमिकताहरु निर्धारण गरेको छु ।

क आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क र प्रविधिमैत्री शिक्षण पद्धति अवलम्वन गरी शैक्षिक स्तर अभिवृद्धिमा जोड ।

ख गुणस्तरीय स्वास्थ्य सेवाका लागि पूर्वाधारको विकास, औषधि र उपकरणहरुको व्यवस्था र स्वास्थ्य कर्मीहरुको प्रभावकारी परिचालन ।

ग सडक तथा यातायात पूर्वाधार क्षेत्रको विकास मार्फत नगरवासीहरुको आवतजावतमा सहजता र स्थानीय उत्पादनको वजार पहुँचमा विस्तारका साथै वातावरणमैत्री गुणस्तरीय पूर्वाधार निर्माणमा जोड ।

घ कृषि तथा पशु पालन व्यवसायमा व्यवसायीकरण, यान्त्रीकरण र वजारीकरणमा जोड ।

ङ समाजमा पछाडि पारिएका वर्ग, क्षेत्र, लिङ्ग र जनजातिको क्षमता विकास गरी समावेशी एवं न्यायपूर्ण समाज निर्माणमा जोड ।

च नगरको समग्र विकासमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र प्रभावकारी परिचालन ।

छ पारदर्शी, गुणस्तरीय र प्रभावकारी सार्वजनिक सेवा ।

ज नगरवासीलाई न्यायमा सहज पहुँच ।

ज नगरको विकासमा संघीय सरकार र प्रदेश सरकार एवं अन्तरपालिकासँगको सहभागिता, समन्वय र सहकार्य ।

सभाका सदस्य ज्यूहरु,

८ अव म राजश्व परामर्श समितिको सुझाव र प्रचलित कानून वमोजिम आम्दानीका शीर्षकहरु सभा समक्ष पेश गर्ने अनुमति चाहान्छु । नगरपालिकामा आगामी आर्थिक वर्ष २०७९/०८० मा आम्दानी जम्मा **रु १ अरव ४० करोड ७८ लाख ५३ हजार** प्रक्षेपण गरेको छु । अनुमानित आम्दानीका शीर्षकहरु निम्नानुसार छन् ।

- संघीय वित्तीय समानीकरण रु २१ करोड ५७ लाख ।
- प्रदेश वित्तीय समानीकरण रु २ करोड १८ लाख ८५ हजार ।
- राजश्व वाँडफाडँ संघवाट रु १२ करोड ९१ लाख ३८ हजार ।
- प्रदेश राजश्व वाँडफाँड रु ४ करोड ७७लाख ८८ हजार ।
- आन्तरिक स्रोत रु ४ करोड ६३ लाख ।
- सशर्त अनुदान संघवाट रु ४३ करोड १३ लाख ।
- सशर्त अनुदान प्रदेशवाट रु २ करोड ४७ लाख ४२ हजार ।
- संघीय सम पूरक अनुदान रु १ करोड ३० लाख
- संघ विशेष अनुदान रु २ करोड ।
- प्रदेश समपुरक कोष रु ३ करोड ।
- प्रदेश पूर्वाधार विकास रु ३ करोड

- सडक वोर्ड रु ६० लाख ।
- सामाजिक सूरक्षा भत्ता रु २८ करोड ।
- गरीवसँग विशेश्वर कार्यक्रम रु १० लाख ।
- फलफुल तथा तरकारी मूल्य श्रृंखला विकास आयोजना (VCDP) रु १० लाख ।
- संचित कोष (मौजाद रकम) रु १० करोड ।
- गैर सरकारी संस्थासँगको साझेदारी रु १ करोड

अव म आगामी आर्थिक वर्षका लागि स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले निर्दिष्ट गरेको सीमा भित्र रही नगर भित्र सञ्चालन हुने प्रमुख कार्यक्रम तथा आयोजनाहरुका लागि क्षेत्रगत रकम विनियोजनको प्रस्ताव पेश गर्न अनुमति चाहन्छु ।

९. वडा तर्फ

- संघ, प्रदेश र आन्तरिक आयका सबै स्रोतमा केही हदसम्म बृद्दि भएता पनि वडाको कार्यक्षेत्रभित्र कार्य सम्पन्न गर्न प्रत्येक वडामा न्यूनतम अनुदानका लागि ७ करोड र भूगोल, जनसंख्या, गरिवी र राजश्वलाई आधारमानी शुत्रमा आधारित ३ करोड सबै वडालाई बिनियोजन गर्न स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले तोके वमोजिमको रू.१० करोड र कार्यपालिकाका सदस्यहरुले छनौट गरेका आयोजनाहरु सञ्चालन गर्न रु ४० लाख वजेट व्यवस्था गरेको छु ।

१०. पूर्वाधार विकास तर्फ

- नगरका प्रमुख सडक एवं रणनीतिक महत्वका सडक र वडा कार्यालय जोड्ने सडकहरुलाई स्तरोन्नति गरी कालो पत्रे गर्न र वाह्रै महिना यातायातका साधनहरु चल्ने गरी सडकको स्तरोन्नति, सुधार र मर्मत सम्भारका कार्यलाई वजेटमा प्राथमिकता दिएको छु । नगरभित्र सञ्चालित तिल्केस्थान गढी, थानपति महादेव मन्दिरमा स्नानकक्षका साथै शौचालय निर्माणका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- वडा नं १ मा निर्मित नयाँ वडा कार्यालय भवन निर्माण, नयाँ वडा कार्यालय भवनहरु र टेकनपुर सहरी स्वास्थ्य केन्द्र भवन निर्माण र सवै वडाहरुमा विश्राम स्थलहरु निर्माणका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- देविटार फुलासी सडक, सावाँडाँडा सिक्राल सडक र ठूलीमदौ अर्चले डाँडागाउँ सडक वागमती प्रदेश सरकारसँगको साझेदारीमा कालो पत्रेका लागि ६ करोड वजेटको व्यवस्था गरेको छु ।
- समग्रमा पूर्वाधार विकास तर्फ **रु २२ करोड ९० लाख** वजेट विनियोजन गरेको छु ।
- योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्यांकन कार्यलाई थप प्रभावकारी वनाउन टोल विकास संस्थाहरु गठन गर्ने र पदाधिकारीहरुका लागि योजना निर्माण एवं सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम गरी पूर्वाधार निर्माणको गुणस्तर कायम गराउन आवश्यक वजेट बिनियोजन गरी विशेष जोड दिएको छु ।

११. आर्थिक विकास क्षेत्र

कृषि विकास तर्फ

- नगर क्षेत्रको भौगोलिक अवस्था र हावापानी अनुकूलको कृषि उत्पादन र प्रवर्द्धन गरी तरकारी र फलफुलमा आत्मनिर्भर वनाउन एक वडा एक उत्पादन कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरी पकेट क्षेत्रको रुपमा विकास गर्न आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।
- खेतवारीको माटो सुधारका लागि घुम्ती माटो परीक्षण शिविर सञ्चालन गरी माटोको उपचारको व्यवस्था गर्ने , किसान सूचीकरण गर्ने र रैथानी वालीको प्रवर्द्धन गर्ने व्यवस्था मिलाएको छु ।
- कृषि क्षेत्रको विकासमा युवा जनशक्ति तथा वैदेशिक रोजगारवाट फर्केका युवाका आकर्षण वृद्धि गर्न कृषिलाई व्यवासायीकरण, यान्त्रीकरण र औधोगिकीकरण गरी काम र रोजगारी सिर्जना तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृर्षक फम, कृर्षक समूह तथा सहकारीहरुलाई कृषि सामग्री, विउविजन, विषादी खरिद तथा आपूर्तिमा आवश्यक अनुदान, प्रोत्साहन र प्राविधिक सहयोगको व्यवस्था मिलाएको छु ।
- नगर भित्र कृषि र पशु प्राविधिक जनशक्ति उत्पादन र परिचालनका लागि कृषि र भेटनरी विषय (डिप्लोमा) अध्ययनका लागि छात्रवृति र कृषि स्नातक करारका लागि वजेटको व्यवस्था गरेको छु ।
- यसरी कृषि क्षेत्रको समग्र विकासका लागि **रु १ करोड ४६ लाख ५० हजार** वजेट विनियोजन गरेको छु ।

पशु पंक्षी विकास तर्फ

- व्यवसायिक पशुपालन तर्फ कृषक एंव युवा जनशक्ति तथा वैदेशिक रोजगारवाट फर्केका युवाहरुको आकर्षणको केन्द्र वनाउन दुध उत्पादन गरी विक्री वितरण गर्ने कृषकहरुलाई विक्री गरेको परिमाणमा आधारित अनुदान प्रणालीलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु ।
- व्यवसायिक पशुपालन विकासका लागि पशु वीमा, कृत्रिम गर्भाधान, पशु नश्ल सुधार , गोठ सुधार, रोग तथा महामारी नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरी नगरलाई मासु, अण्डा र दुधमा आत्म निर्भर वनाउन आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।
- पशु पंक्षी विकासका कार्यक्रमहरु सञ्चालनका लागि **रु २ करोड** वजेट विनियोजन गरेको छु ।

सहकारी तर्फ

- सबैका लागि एक र एकका लागि सबै भन्ने मर्मलाई सार्थकता दिन सहकारी क्षेत्रको बहुआयामिक योगदानको उच्च कदर गर्दै सहकारी क्षेत्रको पुँजी, प्रविधि, प्रतिभा र सीपलाई अधिकतम रुपमा उपयोग गरी अर्थतन्त्रको आधार स्तम्भको रुपमा विकास गरिनेछ । सहकारी संस्थाहरुको नियमन गरी सुशासन प्रवर्द्धन गर्ने उद्देश्यका साथ सहकारी क्षेत्रमा आवश्यक वजेट विनियोजन गरेको छु ।

लघु उधम तर्फ

- विभिन्न विपद र महामारीका कारण स्वदेश तथा विदेशमा रहेका नागरिकहरुको रोजगारीमा परेको असरलाई मनन गरी लघु उद्दम विकासका कार्यक्रमहरु उधमशिलता, सीप विकास तालिम र स्तरोन्नति गर्नका लागि आवश्यक सीप तथा प्रविधि र वजारीकरणका माध्यमवाट गरिवी निवारणमा सहयोग

पुर्याउने अभिप्रायले लघु उधम विकास कार्यक्रम सञ्चालनका लागि **रु ४७ लाख** वजेट विनियोजन गरेको छु ।

<u>रोजगार प्रवर्द्धन कार्यक्रम तर्फ</u>

- वडा वडावाट वेरोजगार सुचीमा सूचीकृत भएका वेरोजगार श्रमिकहरुलाई वार्षिक रुपमा कम्तिमा एक सय दिन को रोजगार उपलव्ध गराउन वडा स्तरीय आयोजनाहरु, नगरमा सञ्चालन हुने ठुला र साना आयोजनाहरुमा सुनिश्चित गर्ने वातावरण निर्माणका लागि सरोकारवाला निकायहरुको समन्वय र साझेदारीमा आवश्यक कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्दै जान **रु ९९ लाख** वजेट विनियोजन गरेको छु ।
- वैदेशिक रोजगार तर्फ उन्मुख युवा वर्गलाई सुरक्षित वैदेशिक रोजगारमा सहभागी गराउन सूचना तथा परामर्श, वैदेशिक रोजगारमा गएका परिवारहरुलाई मनो सामाजिक परामर्श , वित्तीय साक्षरता जस्ता कार्यक्रमहरु सञ्चालनको लागि **रु ६६ लाख** वजेट विनियोजन गरेको छु ।

<u>पर्यटन तर्फ</u>

- यस नगरपालिकालाई अन्तरिक र बाह्य पर्यटकहरुको पर्यटन गन्तव्यको रूपमा विकास गर्ने उद्देश्यका लागि धार्मिक, साँस्कृतिक र ऐतिहाँसिक क्षेत्रहरुको प्रचार प्रसार लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

१२. सामाजिक विकास क्षेत्र

<u>शिक्षा, युवा तथा खेलकुद तर्फ</u>

- प्रथम आवधिक योजनाले परिलक्षित गरेका शिक्षाका उद्देश्यहरु परिपूर्तिका लागि समग्र नगरको शिक्षाको योजना निर्माण गरी शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।
- "**नानी वावु विद्यालय पठाऔ**" अभियान सञ्चालन गरी नगर भित्रका आधारभूत तहमा विद्यालय उमेरका कुनै पनि वालवालिकाहरु विद्यालय वाहिर नरहने वातावरण निर्माणका लागि आधारभूत तहको शिक्षा अनिवार्य र नि: शुल्क वनाइ भर्ना सुनिश्चित हुन आवश्यक व्यवस्था मिलाएको छु ।
- विद्यार्थी संख्याको आधारमा पूर्व प्राथमिक कक्षा/ बाल विकास केन्द्रहरु थप गरी वाल मनोविज्ञानमा आधारित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिन र बालविकास सहयोगी कार्यकर्ता तथा कर्मचारीहरुको न्यूनतम पारिश्रमिकको अतिरिक्त कार्य सम्पादनको आधारमा प्रोत्साहन पारिश्रमिक उपलव्ध गराउन आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- विद्यार्थी सख्या र भौगोलिक अवस्थाको आधारमा विद्यालय समायोजन, कक्षा घटाउने र विद्यालयगत दरवन्दी निर्धारण गरी सबै माध्यमिक (कक्षा ९-१०) तथा आधारभूत (कक्षा ६-८) विद्यालयमा अङ्ग्रेजी, गणित तथा विज्ञान विषयका न्यूनतम शिक्षक दरवन्दीको सुनिश्चित गर्न, शैक्षिक सत्र २०७९ वाट शुरु भएको कक्षा १ देखि नै गणित तथा विज्ञान विषयका विषयवस्तुहरु अङ्ग्रेजी माध्यमवाट पठनपाठन गर्न

र स्थानीय पाठ्यक्रम (१-८) सन्दर्भ सामग्री विकास गरी प्रभावकारी रुपमा कार्यान्वयन गराउनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

- सामुदायिक विद्यालयहरुमा भइरहेको विज्ञान शिक्षकको अभावलाई न्यूनीकरण गर्न मन्थली माध्यमिक विद्यालय मन्थलीको कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्न चाहने नगर भित्रका ३२ जना विद्यार्थीहरुलाई निशुल्क अध्ययन गराउने व्यवस्थालाई निरन्तरता दिएको छु ।
- शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई वजारसँग जोड्ने उद्देश्यका साथ माध्यमिक तह कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुको व्यवसायिक ज्ञान र सीप प्रदान गर्न **सिक्दै कमाउदै** कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- विद्यालय शिक्षा गुणस्तरीय र प्रविधिमैत्री वनाउन विद्यालयहरुलाई ICT प्रयोगमा सहयोग, वालवालिकासँग जनप्रतिनिधि, शिक्षकहरुको क्षमता अभिवृद्धि, विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरु, स्काउट ट्रुप, जुनियर रेडक्रस सर्कल र वाल क्लवहरुलाई क्रियाशील गरी शैक्षिक सुधार कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।
- "**स्वास्थ्यको लागि खेलकुद, राष्ट्रका लागि खेलकुद**" भन्ने मुल नारालाई व्यवहारमा उतार्न क्लवहरु मार्फत खेलगतिविधि सञ्चालन गर्न र अन्तरपालिकमा हुने खेलकुद प्रतियोगितामा सहभागिता हुन आवश्यक व्यवस्था मिलाएको छु ।
- युवाहरुलाई सामाजिक कार्यहरुमा परिचालित गर्न युवाहरुसँग सम्वन्धित कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।
- शिक्षा युवा तथा खेलकुदको कार्यक्रम सञ्चालन गर्न **रु ३७ करोड ६२ लाख ८० हजार** वजेट विनियोजन गरेको छु ।

<u>स्वास्थ्य सेवा तर्फ</u>

- स्वास्थ्य सेवालाई थप प्रभापकारी वनाई नगरवासीलाई विश्वसनीय, भरपर्दो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पूर्वाधार, मेशिनरी उपकरण, औषधि र जनशक्ति लगायतका विषयलाई केन्द्रमा राखी स्वास्थ्य क्षेत्रको सुधार गर्न आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।
- "**स्वच्छ वातावरण, सफा शहर, स्वस्थ नागरिक समृद्ध नगर** " भन्ने मुल नाराका साथ गुणस्तरीय स्वस्थ्य सेवा प्रदान गर्न मन्थली नगर अस्पतालमा गैर सरकारी स्वास्थ्य संघ संस्थाको साझेदारीमा दाँत र आखाँको सेवा विस्तार गर्न एवं CEONC सेवालाई प्रभावकारीरुपमा सञ्चालन गर्न विशेषज्ञ सेवा सहितको सेवा र स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।
- नागरिकहरुको स्वास्थ्य उपचारमा सहजता ल्याउनका लागि स्वास्थ्य वीमा कार्यक्रमको दायरा वढाउन र समुदाय स्तरमा विशिष्ट स्वास्थ्य सेवा उपलव्ध गराउन प्रत्येक वडामा स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यक्रम प्रस्ताव गरेको छु ।
- स्वास्थ्य सेवाका समग्र कार्यक्रमहरु सञ्चालन गर्न **रु १० करोड ८ लाख ५० हजार** वजेट विनियोजन गरेको छु ।

<u>सामाजिक समावेशीकरण तर्फ</u>

- समुदायमा अवस्थित टोल विकास संस्था एवं सामुदायिक संस्थाहरु परिचालन गरी वालश्रम, वाल विवाह, दाइजो/ दहेज, वोक्सी, छाउपडी जस्ता प्रथा नियन्त्रणका लागि कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- लक्षित वर्ग (दलित/ जनजाति/ अपाङ्ग/ महिला/ वालवालिका) लाई राज्यको मुल प्रवाहमा ल्याउन लागत साझेदारीमा आयमूलक, सीपमूलक एवं चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्न र जेष्ट नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न जेष्ट नागरिक क्लव गठन र परिचालन गर्ने व्यवस्था मिलाएको छु ।
- एकीकृत घुम्ती शिविर मार्फत वडावाटै अपाङ्गता तथा जेष्ट नागरिकहरुको लागि परिचय पत्र वितरण गर्न र आपाङ्गता भएकाको लागि सहायक सामग्रीहरु वितरण गर्ने आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- **"सहयोगापेक्षी सडक मानव मुक्त नगर"** निर्माणका लागि अनाथ, वेसाहरा, वेवारिसे सडक मानव, असाय जेष्ट नागरिक (सहयोगापेक्षी मानवहरु) हरु र वालश्रमिकहरुको उद्धार, व्यवस्थापन र पारिवारिक पुनर्मिलनका कार्यक्रमहरु सञ्चालनका आवश्यक व्यवस्था मिलाएको छु ।
- सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता जस्ता अभिलेखहरु अनलाइन प्रविधिको माध्यमवाट अध्यावधिक गर्ने र समयमा नै घटना दर्ता प्रक्रियामा सामेल हुन आम नगरवासीहरुलाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।
- सामाजिक समावेशीकरण तर्फका कार्यक्रमहरु सञ्चालन गर्न **रु ९५ लाख ५० हजार** विनियोजन गरेको छु ।

१३ कला, भाषा र संस्कृति तर्फ

- नगरभित्रका कला, भाषा र संस्कृतिहरुको संरक्षण एवं सम्वर्द्धन गर्न तीनलाल पार्कमा संग्रालय स्थापना, वाल उद्दान एवं वृत चित्र निर्माण र धार्मिक मठ मन्दिरलाई आवश्यक सहयोग समेतका लागि **रु ३२ लाख** विनियोजन गरेको छु ।

१४. विपद तथा वातावरण तर्फ

- वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गैर सरकारी संस्थाहरु समेतको सहभागिता सुनिश्चित गर्ने र नगर भित्रका पूर्वाधार निर्माणका कार्यहरु पूर्णत: वातावरण मैत्री वनाउने व्यवस्था मिलाएको छु ।
- सम्भावित विपद् न्यूनीकरणका लागि जोखिम क्षेत्र पहिचान र नक्शाङ्कन सहितको विपद व्यवस्थापन योजना निर्माण, विपद जोखिमलाई ध्यानमा राखी तत्काल नगरका चार स्थानमा हेली प्याड निर्माण गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- नगरमा रहेको वारुणयन्त्र, एम्वुलेन्स, सववाहन र वुलडोजर जस्ता आकस्मिक सेवा सञ्चालन गर्न अन्तरपालिका समन्वय र सहकार्य गरी प्रभावकारी रुपमा सञ्चालन र अध्यावधिक अवस्थामा राख्न आवश्यक व्यवस्था मिलाएको छु ।

- नगरपालिका क्षेत्रमा उत्सर्जन हुने फोहोरमैलाको प्रभावकारी ब्यबस्थापन गर्न फोहर मैला प्रशोधन केन्द्र निर्माणका लागि संघीय विशेष अनुदानको रुपमा प्राप्त हुने अनुदानलाई निर्मित डी पि आर वमोजिमको कार्य अघि वढाउन आवश्यक व्यवस्था मिलाएको छु ।
- प्रकोप व्यवस्थापन कोष स्थापना गरी विपद तथा वातावरणसँग सम्वन्धित कार्यक्रम सञ्चालन गर्न **रु २ करोड ९ लाख ४० हजार** विनियोजन गरेको छु ।

१५. सुशासन, संस्थागत विकास र सेवा प्रवाह

- नगरपालिकाको सेवा प्रवाहलाई सेवाग्राही मैत्री बनाउन ,सूचना प्रविधि मैत्री बनाउन, संस्थागत क्षमता विकास गर्न, सूचना प्रविधि ब्यवस्थापन (वडास्तरमा गुनासो पेटिका ,हटलाईन,टोल फ्री नंम्वर , डिजिटल वडापत्र ,अडियो नोटिसबोर्ड) आदिको विकास गर्न, एकीकृत घुम्ती शिविर व्यवस्थापन गरी सेवाप्रवाहलाई नागरिकको वरिपरि पुर्याउन साथै नियमित रूपमा समीक्षा ,सार्वजनिक सुनुवाई ,सामाजिक परीक्षण गरी पारदर्शिता र जवाफदेहिता अभिबृद्दि गर्न र जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकास गर्न क्षमता विकास योजना निर्माण गर्नका लागि **रू. १ करोड** बिनियोजन गरेको छु ।
- स्थानीय सेवामा कार्यरत कर्मचारीहरुलाई संघीय निजामती सेवा सो सरहको तलव भत्ता, सेवा, सुविधा उपलव्ध गराउने व्यवस्था मिलाएको छु ।
- आन्तरिक राजश्वको दायरा फराकिलो वनाई राजश्व वृद्धिका क्षेत्रहरु पहिचान गर्न उधोगी तथा व्यवसायीहरुसँग अन्तर्क्रिया छलफल, क्षेत्रगत अध्ययन अनुगमन, करदाता शिक्षा कार्यक्रम , प्रभावकारी वजार अनुगमन मार्फत कालो वजारी, अस्वाभाविक मुल्य वृद्धि, राजश्व छली हुने प्रवृतिलाई निरुत्साहित गर्दै उपभोक्ता अधिकार सुनिश्चित हुने प्रक्रिया अघि वढाउन आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- सार्वजनिक सेवा तथा क्षमता विकास क्षेत्रको लागि **रु १५ करोड ७३ लाख १० हजार** वजेट विनियोजन गरेको छु ।

१६ कानून तथा न्याय

- समुदाय तथा समाजमा देखिन सक्ने सानातिना विवाद तथा मनमुटावको छलफल, मेलमिलापका माध्यमवाट निराकरण र अन्त्य गरी समुदायमा शान्ति र अमनचयन कायम गर्न, सम सामयिक रूपमा राजपत्र तथा कानूनी संगालो प्रकाशन गर्न, सामुदायिक मेल मिलाप कर्ता अनुशिक्षण गर्न ,न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास, अन्तरपालिका स्तरीय न्यायिक समितिका पदाधिकारी र जिल्ला न्यायिक, अर्ध न्यायिक निकायहरुका वीच अन्तर्क्रिया एवं छलफल आदि जस्ता कार्य गर्न **रू. ३० लाख ७३ हजार** बिनियोजन गरेको छु ।

१७ साझेदारी र सहकार्य

- नगरको चौतर्फी विकास एवं उन्नयनका लागि विभिन्न क्षेत्रहरुमा सहकार्य गरी कार्यक्रमहरु सञ्चालन गर्न चाहने संघ सस्थाहरुसँग साझेदारी तथा सहकार्यका लागि **रु १ करोड ३० लाख** वजेटको व्यवस्था गरेको छु ।

आदरणीय नगर सभा सदस्य ज्यूहरु

१८ आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु १ अरव ४० करोड ७८लाख ५३ हजार विनियोजन गरिएको मध्ये चालु तर्फ रु ९६ करोड २७ लाख ३ हजार (६८.३८ प्रतिशत) र पुँजीगत तर्फ रु ४४ करोड ५१ लाख ५० हजार (३१.६२ प्रतिशत) रकम विनियोजन गरेको छु । वाँडफाँड गर्न मिल्ने ५६ करोड ८ लाख ११ हजार विनियोजन गरेकोमा चालु तर्फ खर्च रु २६ करोड २८ लाख ७१ हजार (४६.८७ प्रतिशत) र पुँजीगत तर्फ खर्च रु ३० करोड ५ लाख ५१ हजार (५३.५९ प्रतिशत) रकम विनियोजन गरेको छु ।

१९ आय व्यय र करका दर एवं दायराहरुको विस्तृतीकरण विनियोजन विधेयक, आर्थिक विधेयक, वजेट पुस्तिका र विषय क्षेत्रगत वजेटको अनुमानित विवरण र वडागत अनुमानित वजेट विवरण अनुसूची मा रहने छन् ।

२० प्रस्तुत वजेट तर्जुमाको चरणमा मार्गदर्शन गर्नु हुने नगर प्रमुख ज्यू , वडाध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, नगर सभा सदस्य ज्यूहरु र कर्मचारी वर्गप्रति हार्दिक आभार प्रकट गर्दछु । वजेट तर्जुमाको क्रममा महत्वपूर्ण राय सुझावहरु प्रदान गर्नु हुने राजनीतिक दल, समाजसेवी , वुद्धिजिवी, निजी क्षेत्र, सहकारी क्षेत्र , नागरिक समाज र सञ्चार जगतलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । वजेट कार्यान्वयनमा सवैको रचनात्मक सहयोग रहने अपेक्षा समेत गरेको छु ।

२१ अन्तमा नगरको समग्र कार्य सम्पादन एवं प्रस्तुत वजेट तथा कार्यक्रम कार्यान्वयनमा साथ, सहयोग, ऐक्यवद्धता र सकारात्मक सल्लाह सुझाव प्राप्त हुनेछ भन्ने विस्वास लिएको छु । नगरको विकास प्रयास र नगरवासीहरुको जीवन स्तरमा उल्लेखनीय रुपमा परिवर्तन ल्याउन एकजुट हुन नगरवासीहरुमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद

मिति २०७९/०३/१०

आ.व २०७९/०८० को विषय क्षेत्रगत अनुमानित वजेट विवरण

अनुसूची १

क्र स	विषयगत समिति/ शाखाहरु	स्थानीय संचित कोषवाट व्ययभार हुने				प्रदेश र संघीय संचितकोषवाट व्ययभार हुने	कुल जम्मा	प्रतिशत	कैफियत
		विषयगत क्षेत्रगत	प्रदेश सशर्त	संघीय सशर्त	जम्मा				
क	**सार्वजनिक सेवा तथा क्षमता विकास**								
१	जनशक्ति व्यवस्थापन तथा वडा समन्वय	१०००००००			१०००००००		१०००००००	०.७१	
२	संस्थागत विकास तथा सुशासन	२१३१००००			२१३१००००		२१३१००००	१.५१	
३	राजश्व परिचालन	१४५००००			१४५००००		१४५००००	०.१०	
४	कार्यालय सञ्चालन चालु खर्च	१०६५५००००			१०६५५००००		१०६५५००००	७.५७	
५	वडा कार्यालय सञ्चालन तथा व्यवस्थापन	१४००००००			१४००००००		१४००००००	०.९९	
६	कार्यालय सञ्चालन पुजीगत खर्च	४००००००			४००००००		४००००००	०.२८	
	जम्मा	१५७३१००००	०	०	१५७३१००००	०	१५७३१००००	११.१७	
ख	**सामाजिक विकास**	०			०		०	०.००	
१	शिक्षा युवा तथा खेलकुद	५१८०००००	४२८००००	३२०२०००००	३७६२८००००		३७६२८००००	२६.७३	
२	स्वास्थ्य सेवा	२७०००००००	२९५००००	७०९०००००	१००८५००००		१००८५००००	७.१६	
३	महिला वालवालिका तथा समाज कल्याण	८५०००००	१०५००००		९५५००००		९५५००००	०.६८	
४	भाषा, कला र संस्कति	३२०००००			३२०००००		३२०००००	०.२३	
५	खानेपानी तथा सरसफाई	३००००००		३३०००००	६३०००००		६३०००००	०.४५	
६	सामाजिक सुरक्षा	०			०	२८०००००००	२८०००००००	१९.८९	

७	सामाजिक विकास कार्यक्रम खर्च	२५०००००			२५०००००		२५०००००	०.१८	
	जम्मा	९६००००००	८२८००००	३९४४०००००	४९८६८००००	२८०००००००	७७८६८००००	५५.३१	
ग	**पूर्वाधार विकास**	०			०		०	०.००	
१	योजना तथा अनुगमन	२००००००			२००००००		२००००००	०.१४	
२	पूर्वाधार विकास	१३०००००००	४५००००००	२४०००००००	१९९०००००००	३०००००००	२२९०००००००	१६.२७	
३	पुजीगत अनुसन्धान परामर्श	२००००००			२००००००		२००००००	०.१४	
	जम्मा	१३४०००००००	४५००००००	२४०००००००	२०३०००००००	३०००००००	२३३०००००००	१६.५५	
घ	**आर्थिक विकास**	०			०		०	०.००	
१	कृषि विकास	१०६५००००		४००००००	१४६५००००		१४६५००००	१.०४	
२	पशु पंक्षी विकास	१७०००००००	१००००००	२००००००	२०००००००		२०००००००	१.४२	
३	उद्योग तथा वाणिज्य	१७०००००		३००००००	४७०००००		४७०००००	०.३३	
४	सहकारी	१८०००००			१८०००००		१८०००००	०.१३	
५	पर्यटन व्यवस्थापन	५०००००			५०००००		५०००००	०.०४	
	गरिवीसँग विशेश्वर	०			०	१००००००	१००००००	०.०७	
	जम्मा	३१६५००००	१००००००	९००००००	४१६५००००	१००००००	४२६५००००	३.०३	
ङ	**वातावरण तथा विपद व्यवस्थापन**	०			०		०	०.००	
१	विपद व्यवस्थापन	२०९४००००			२०९४००००		२०९४००००	१.४९	
२	फोहोर मैला व्यवस्थापन	०		२०००००००	२०००००००		२०००००००	१.४२	
	जम्मा	२०९४००००	०	२०००००००	४०९४००००	०	४०९४००००	२.९१	
च	**विधेयक समिति**	०			०		०	०.००	
१	कानून तथा न्याय	२६११०००	४६२०००.०		३०७३०००		३०७३०००	०.२२	

	जम्मा	**२६११०००**	**४६२०००**	**०**	**३०७३०००**	**०**	**३०७३०००**	**०.२२**	
छ	**साझेदारी तर्फ**	**०**			**०**		**०**	**०.००**	
१	सुरक्षित आप्रवासन	**५००००० ०**		**६१००००० ०**	**६६००००० ०**		**६६००००० ०**	**०.४७**	
२	प्रधानमन्त्री रोजगार	**४००००० ०**		**९५००००० ०**	**९९००००० ०**		**९९००००० ०**	**०.७०**	
३	राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण	**४००००० ०**		**१३००००० ०**	**१७००००० ०**		**१७००००० ०**	**०.१२**	
४	VCDP	**०**			**०**	**१०००००० ०**	**१०००००० ०**	**०.०७**	
५	सडक वोर्ड	**०**			**०**	**६०००००० ०**	**६०००००० ०**	**०.४३**	
६	विभिन्न साझेदारी	**१३०००००० ०**			**१३०००००० ०**	**१००००००० ०**	**२३०००००० ०**	**१.६३**	
	जम्मा	**१४३००००० ०**	**०**	**१६९००००० ०**	**३१२००००० ०**	**१७०००००० ०**	**४८२००००० ०**	**३.४२**	
	कुल जम्मा	**४५६८११००० ०**	**५४७४२००० ०**	**४६४३००००० ०**	**९७५८५३००० ०**	**३२८०००००० ०**	**१३०३८५३००० ०**	**९२.६१**	
ज	**वडा सिलिङ्ग र कार्यपालिका सदस्य**	**१०४०००००० ०**			**१०४०००००० ०**		**१०४०००००० ०**	**७.३९**	
	जम्मा	**५६०८११००० ०**	**५४७४२००० ०**	**४६४३००००० ०**	**१०७९८५३००० ०**	**३२८०००००० ०**	**१४०७८५३००० ०**	**१००.००**	

आ व २०७९/०८० को वजेटको वडागत सिलिङ (१००००००००० मा आधारित)

अनुसूची २

क्र.सं.	वडा नं.	जनसंख्या			क्षेत्रफल (वर्ग कि.मी)			गरिबी (%)			राजश्व			कुल जम्मा	न्यूनतम अनुदान	कुल जम्मा
आधार प्रतिशत (%)		४०			२०			२५			१५			१००		
		१२००००००			६०००००			७५०००००			४५०००००			३०००००००	७०००००००	१०००००००००
१	१	६२६५	१४	१६५५३६४	८	४	२२३८१७	४	१	८७५८०	४२२७००	२१	९२३६४३	२८९०४०४	५००००००	७८९१०००
२	२	३३२५	७	८७८५४५	७	३	१८८१२०	२९	८	६०८०५७	१०८४००	५	२३६८६५	१९११५८७	५००००००	६९१२०००
३	३	२६९५	६	७१२०८४	२३	११	६५२७५३	२९	८	६०८०५७	६८१००	३	१४८८०५	२१२१७००	५००००००	७१२२०००
४	४	३६१२	८	९५४३७७	२०	९	५६२६५९	२७	८	५६४०५९	१७६८००	९	३८६३२६	२४६७४२२	५००००००	७४६८०००
५	५	२१४१	५	५६५७०४	१३	६	३६६६०७	२७	८	५६४०५९	५६५००	३	१२३४५८	१६१९८२८	५००००००	६६२००००
६	६	३४९६	८	९२३७२७	३२	१५	८९४९८५	३०	८	६२७६५९	१७४८००	८	३८१९५६	२८२८३२७	५००००००	७८२९०००
७	७	३९३६	९	१०३९९८६	२५	१२	७२१८८१	३२	९	६७१८६६	१६४२००	८	३५८७९४	२७९२५२७	५००००००	७७९३०००
८	८	३१८७	७	८४२०८२	१०	५	२८३८७९	२३	६	४७६६८७	२१८९००	११	४७८३१९	२०८०९६७	५००००००	७०८१०००
९	९	३००८	७	७९४७८६	१२	६	३३२०४३	३९	११	८०३६५३	१२२१००	६	२६६८०१	२१९७२८३	५००००००	७१९८०००
१०	१०	२३६६	५	६२५१५४	१३	६	३७२८४०	३५	१०	७२५०४०	७४१००	४	१६१९१६	१८८४९५०	५००००००	६८८५०००
११	११	३००९	७	७९५०५०	१८	९	५१९३१२	२२	६	४५४५८३	१२१७००	६	२६५९२७	२०३४८७३	५००००००	७०३५०००
१२	१२	२६४३	६	६९८३४४	८	४	२२२४०१	२२	६	४५४५८३	५८९००	३	१२८७०३	१५०४०३१	५००००००	६५०५०००
१३	१३	२९७४	७	७८५८०२	१२	६	३३२३२६	२०	६	४२७०५८	११९९००	६	२६१९९४	१८०७१८०	५००००००	६८०८०००
१४	१४	२७५९	६	७२८९९४	१२	५	३२६३७६	२०	६	४२७०५८	१७२३००	८	३७६४९३	१८५८९२२	५००००००	६८५९०००
कुल जम्मा		४५४१६	१००	१२००००००	२१२	१००	६०००००	३६०	१००	७५०००००	२०५९४००	१००	४५०००००	३०००००००	७०००००००	१००००६०००